छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी
प्रदेश नं. २, नेपाल

पत्र संख्या :-०७६/०७७
चलानी नं : ६२९

गिति :-२०७७/०१/२९

**बिषय :- तेश्रो पटक दररेट पेश गर्ने सम्बन्धी सुचना ।**

प्रस्तुत बिषयमा विश्वब्यापी कोरोना (COVID-19) महामारीको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले लकडाउन घोषणा गरेको यस बिषम परिस्थितिमा यस गाउँपालिका क्षेत्रमा दैनिक ज्यालादारी गरी खाने घरधुरी परिवारलाई आधारभुत खाधान्नको प्रबन्ध मिलाउनु पर्ने भएको हुँदा असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा बिपन्न परिवारलाई उपलब्ध गराउने राहत सम्बन्धी मापदण्ड २०७६को दफा-६ को प्रयोजनका लागि गाउँपालिकाको निर्णय अनुसार तथा सार्बजनिक खरिद ऐन २०६३ को दफा -६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को दफा-१४५ बमोजिम तपसिलमा उल्लेखित खाद्यान्न तथा राहत सामग्री खरिद गर्नुपर्ने भएको हुँदा खाधान्न कारोबार गर्ने इच्छुक फर्म तथा सप्लायर्सबाट प्याकेजिंग र हरेक वडामा ढुवानी सहित यो सुचना प्रकाशन भएको मितिले तीन(३) दिन भित्र रितपुर्बक कार्यालय समय भित्र शीलबन्दी मार्फत दररेट पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ । आबेदन गर्ने अन्तिम दिन दिनको ५:०० बजे सम्म प्राप्त दररेट उपर सोही दिन ५:३० बजे प्रतिनिधिको रोहबरमा दररेट मूल्यांकन गरिनेछ । साथै सो दिन फर्म वा सप्लायर्सको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयले मूल्यांकन गर्न बाधा पर्ने छैन।

तपसिल :

| सि.नं | बिबरण | परिमाण | प्रति के.जी दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | चामल(सोना मन्सुली हाफ बोइल ए ग्रेडिंग) | २०००क्विन्टल | | |
| २ | दाल (रहर ए ग्रेडिंग) | २४०क्विन्टल | | |
| ३ | खाने तेल (तोरीको) | १६०००लिटर | | |
| ४ | आयो नुन (दुईबालबालिका चिन्ह भएको) | १६०००के.जी | | |
| ५ | साबुन(डिटोल-१२५ ग्राम) | १६०००गोटा | | |

<u>पुनश्च :मूल्यांकनको दिन ५ बजे भित्र सप्लाई गरिने हरेक बस्तुको नमुना उपलब्ध गराई सक्नुपर्छ ।</u>

संलगन गर्नुपर्ने कागजात :

१.गत आ.व को २०७५/७६ को कर चुक्ता प्रमाण पत्र ।
२.फर्म /सप्लायर्सको नविकरण गरेको प्रमाण-पत्रको प्रतिलिपि ।
३.PAN प्रमाण पत्रको प्रतिलिपि ।
४. दररेट उल्लेख भएको पत्र ।
५.फर्म/सप्लायर्सको प्रमाण पत्रको प्रतिलिपि ।
६.घरेलु बाट नबिकरण भएको पत्रको प्रतिलिपि ।
७.प्रत्येक कागजातहरुमा संस्थाको छाप तथा प्रोप्राइटरको सही भएको हुनुपर्ने छ ।

**बोधार्थ :**
श्री सार्बजनिक खरिद अनुगमन कार्यालय, काठमाडौं ।

०७७।१।२९
..............................
(खेमराज थापा)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Email Id :- chhinnamasta.rmo.saptari@gmail.com, सम्पर्क नं :-९८५२८२१५६७